नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. : ४२६१४३६
४२६२२३८
Web Site: www.dohs.gov.np

टेकु, काठमाडौं, नेपाल ।

प.सं. २०७८/०७९ च.नं. ५७०

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु काठमाडौं

मितिः २०७८/०८/२६

श्री स्वास्थ्य कार्यालय ७७ वटै ।

**बिषय : कोभिड १९ विरुद्धको खोप अभियान प्रभावकारी र पहँच वढाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकारको नीति अनुरुप १२ वर्ष र सो भन्दा माथिको उमेर समुहलाई खोप पौष मसान्त सम्ममा ६६ प्रतिशत र आगामी चैत्र मसान्त भित्रमा शत् प्रतिशत लक्षित समुहलाई खोप उपलब्ध गराउने लक्ष भएको ब्यहोरा स्मरणार्थ अनुरोध छ ।

यसै सन्दर्भमा कोभिड १९ विरुद्धको खोप अभियानहरु लाई प्रभावकारी र तिव्रता दिनुको साथै खोप सेवाको पहुँच वढाउन जिल्ला स्थित अस्पताल लगायत आबश्यक स्थानमा खोप केन्द्र स्थापना गरी १८ वर्ष वा सो भन्दा माथिका खोप लिन बाकी ब्यक्तिहरुलाई कार्यालय संचालन भएको दिनमा निरन्तर खोप उपलब्ध गराउने निर्णय भई सो सम्बन्धमा पत्राचार एव वैठक मार्फत जानकारी गराई सकिएको छ । तसर्थ सो अनुसार खोप कार्यक्रमको ब्यवस्थापन गर्न गराउनु हुन र सो कार्यक्रम संचालन गर्दा आ.व. ०७८ /०७९ को कार्यक्रम संचालन निर्देशिकाको कोभिड खोप अभियान संचालन तथा ब्यवस्थापन शिर्षकमा विनियोजित वजेटको कार्यक्रम संचालन तथा खर्च गर्ने प्रकृया बारे उल्लेख भएको बुँदा नं २ मा उल्लेख भए अनुसारको नर्म्स ( खोप दिने स्वास्थ्यकर्मी मासिक रु ३०००।०० र ए.ई.एफ.आई ब्यवस्थापक - चिकित्सक/तोकिएको स्वास्थ्यकर्मी मासिक रु ४०००।०० यातायात खर्च ) मा सो बुँदा अनुसार सो शिर्षकमा वजेट विनियोजन नभएका जिल्लाहरु बाट समेत जिल्लामा विनियोजित कोभिड खोप अभियान संचालन तथा ब्यवस्थापन कार्यक्रमको वजेट बाट नै ब्यवस्थापन गर्न गराउनु हुन अनुरोध छ।

.................................
डा. विवेक कुमार लाल
निर्देशक

निर्देशक